# भोटखोला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
हटिया, संखुवासभा

प स. : ०७७/०७८ — १ नं प्रदेश,नेपाल ।
च.नं. : १२८ — मिति : २०७८/०२/१८

श्री सामुदायिक तथा संस्थागत विद्यालयहरु (सबै)
भोटखोला गाउँपालिका, संखुवासभा ।

**विषय : वार्षिक परीक्षाको विद्यार्थी मुल्याङ्कन तथा नतिजा प्रकाशन सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस भोटखोला गाउँपालिकाको गाउँपालिका अध्यक्ष स्तरीय मिति २०७८/०२/१८ गतेको निर्णयानुसार "विश्वव्यापी महामारीको रुपमा फैलिरहेको नयाँ भेरियन्ट सहितको कोभिड–१९ का कारण यस गा.पा. बाट सञ्चालन गर्नु पर्ने शैक्षिक सत्र २०७७ को कक्षा १ देखि ९ सम्मको वार्षिक परीक्षा पुर्व निर्धारित समय तालिकामा भौतिक रुपमा उपस्थित भै परीक्षा सञ्चालन गर्न नसकिएकोले भोटखोला गाउँपालिका अर्न्तगत सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयहरुले यस शैक्षिक सत्रको कक्षा १ देखि कक्षा ९ सम्मको वार्षिक परीक्षा विद्यार्थी मुल्याङ्कनका लागि तपशिल बमोजिमका मापदण्डहरु अवलम्बन गरी मिति २०७८ असार १० गते भित्र मुल्याङ्कन सम्पन्न गराई नतिजा प्रकाशन गर्नु/गराउनु हुन जानकारी गराउने" भनि भएको निर्णय कार्यान्वयन गर्नु गराउनु हुन जानकारीका लागि अनुरोध छ ।

**तपशिल**

| क.स. | कक्षा | मुल्याङ्कनका आधारहरु | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | निरन्तर मुल्याङ्कन | आन्तरीक मुल्याङ्कन प्रथम/द्वितीय परीक्षा | प्रयोगात्मक मुल्याङ्कन | जम्मा | |
| १ | कक्षा १-३ | १०० प्रतिशत | - | - | १०० प्रतिशत | |
| २ | कक्षा ४-५ | ५० प्रतिशत | ५० प्रतिशत | - | १०० प्रतिशत | |
| ३ | कक्षा ६-७ | ४० प्रतिशत | ६० प्रतिशत | - | १०० प्रतिशत | |
| ४ | कक्षा ८-९ | - | ७५ प्रतिशत | २५ प्रतिशत | १०० प्रतिशत | |

नोट :- कक्षा ८ र ९ को प्रयोगात्मक मुल्याङ्कन नहुने विषयको हकमा यस अगाडीका परीक्षाबाट लिएको मुल्याङ्कन लाई आधार मानि १०० प्रतिशतनै आन्तरीक मुल्याङ्कनबाट मुल्याङ्कन गर्ने ।

कक्षा ८ को ग्रेड लेजर तथा ग्रेड सिट निर्माण गर्नको लागि यस अगाडि तय गरिएको वार्षिक परीक्षाको परीक्षा फर्ममा भरिएको जन्म दर्ताको आधारमा तथा EMIS तथ्यांङकमा फरक नपर्ने गरी पटक/पटक विवरण तथा नतीजा रुजु गरि मिति २०७८ असार १० गते भित्र यस गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ ।

तेम्बा भोटे
अध्यक्ष

नरेन्द्र प्रसाद दाहाल
प्रमुख प्रशासकीय अधिकृत